# सिस्ने गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
रुकुमकोट, रुकुम (पूर्व)

## बोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति: २०७६/१०/०५

सिस्ने गाउँपालिकाको तपशिलका वडाहरुमा आधारभुत स्वास्थ्य केन्द्र भवन निर्माण कार्य बोलपत्रद्वारा खरिद गर्नु पर्ने भएकोले योग्य, इच्छुक तथा सम्बन्धित कार्यमा अनुभवी निर्माण ब्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्बक वोलपत्र प्रस्ताव पेश गर्ने सम्वन्धि वोलपत्र आह्वानको सूचना प्रकाशन गरिएको छ ।

**शर्तहरु:**

१. बोलपत्र प्रथम पटक प्रकाशित मितिले ३०औं दिन सम्म यस कार्यालयमा तपशिलमा उल्लेख गरे बमोजिमको नगद रकम (पछि फिर्ता नहुने गरी) वुझाएको नगदी रसिद वा यस कार्यालयको नाममा नेपाल बैंक लिमिटेड, रुकुमकोट शाखामा रहेको खाता नं. १८९०३००००००००४००१००४ मा जम्मा गरेको भौचर, आ.व. २०७६/०७७ का लागि नविकरण भएको इजाजत पत्र र आयकर दर्ता प्रमाण पत्र, मूल्य अभिवृद्धि कर कार्यालयमा दर्ता भएको प्रमाण पत्र आ.व. ०७५/०७६ सम्मको आयकर चुक्ताको प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपिहरु र स्व:घोषणा पत्र संलग्न राखी इच्छुक इजाजत प्राप्त निर्माण व्यावसायी वा निजको प्रतिनिधिले कार्यालय समयभित्र रित पूर्वक निवेदन दिई यस कार्यालयबाट बोलपत्र फारम खरिद गर्न सकिनेछ । अधिकार प्राप्त प्रतिनिधि मार्फत बोलपत्र प्रक्रियामा भाग लिन अनिवार्य रुपमा अधिकार पत्र (Power of Attorney) पेश गर्नुपर्नेछ ।

२. खरिद भएका वोलपत्रहरुको प्रत्येक आइटम प्रस्टसँग भरी, निर्माण व्यवसायीले प्रत्येक पानामा सही छाप र शिलवन्दी गरी खाम वाहिर फर्मको नाम ठेगाना र काम लेखी सूचना प्रकाशित भएको मितिले ३१औं दिनको १२:०० बजे सम्म यस कार्यालयमा दर्ता हुन आएका बोलपत्रहरु सोही दिनको दिउँसो २:०० वजे यस कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि सो बोलपत्र खोल्न वाधा पर्ने छैन ।

३. बोलपत्र फारमसाथ धरौटी वापत तल उल्लेखित जमानत वापतको रकम यस कार्यालयको नाममा नेपाल बैंक लिमिटेड, रुकुमकोट शाखामा रहेको खाता नं. १८९०३००००००००३०००००४ मा रकम जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तिमा वोलपत्र पेश गर्ने अन्तिम मिति देखि ७५ दिने म्याद भएको नेपाल राष्ट्र बैंकवाट मान्याता प्राप्त कुनै पनि वाणिज्य वैंकबाट वैंक जमानत पत्र (विड वण्ड) शर्त रहित पेश गर्नु पर्नेछ ।

४. बोलपत्र खरिद वा दर्ता गर्ने फर्महरुले निर्माण स्थल र कामको सम्वन्धमा राम्रोसँग वुझी, हेरी साइट निरीक्षण गरी बोलपत्र भरेको मानिनेछ ।

५. वोलपत्र भर्दा दररेट स्पष्ट रुपमा अंक र अक्षरमा उल्लेख गर्नु पर्नेछ, उल्लेखित अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ ।

६. वोलपत्रदाताको वोलपत्र स्वीकृत भएपछि स्वीकृत अंकको पाँच प्रतिशतले हुने रकम वरावरको नगद, वैंक भौचर वा सो वरावरको कम्तीमा एक वर्षको लागि मान्य हुने वैंक जमानत (परफरमेन्स वण्ड) शर्त रहित पेश गर्नु पर्नेछ ।

७. वोलपत्र शर्त रहित, यस कार्यालयले उपलब्ध गराएको वोलपत्र पुस्तिकामा कुनै थपघट भए सहीछाप भएको हुनु पर्नेछ, समय भित्र प्राप्त नभएको, रित नपुगेको, सूचनाको शर्त विपरित भएको बोलपत्र माथि कुनै कारवाही हुनेछैन ।

८. कार्यालयको हितलाई ध्यानमा राखी कुनैपनि कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने/नगर्ने, वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

९. वोलपत्र सम्वन्धि थप जानकारीका लागि कार्यालयको टेलिफोन नं. ०८८-४१३०६४ र website: www.sisnemun.gov.np मा समेत हेर्न सकिनेछ ।

१०. प्रचलित ऐन नियम अनुसार लाग्ने सम्पूर्ण करहरु वोलपत्रदाता स्वयंले व्यहोर्नु पर्नेछ ।

११. सूचनामा उल्लेख नभएका अन्य विषयहरुको हकमा सार्वजनिक खरीद ऐन, २०६३ तथा सार्वजनिक खरीद नियमावली, २०६४ एवं अन्य प्रचलित कानुन बमोजिम हुनेछ । संयुक्त उपक्रम (Joint Venture) मा काम गर्ने व्यवसायीको सम्वन्धमा सार्वजनिक खरिद नियमावली, २०६४ वमोजिम हुनेछ ।

१२. एक फर्मको नाममा खरिद गरिएको वोलपत्र कागजात अर्को व्यक्ति वा फर्मको नामवाट दाखिला गर्न पाइने छैन ।

१३. वोलपत्र खरिद र दर्ता गर्ने अन्तिम दिन विदा परेमा सोपछि कार्यालय खुलेको दिन माथि उल्लेख भएका समयमा बोलपत्र खरिद, दर्ता र खोल्ने काम हुनेछ ।

**तपशिल**

| सि. नं. | ठेक्का नं. | कामको विवरण | ल.ई. रकम रु. (मू.अ.कर र कन्टिन्जेन्सी बाहेक) | धरौटी रकम रु. | बोलपत्र फाराम दस्तुर रु. |
|---|---|---|---|---|---|
| १. | ०१/२०७६/०७७ | वडा नं. ४ हेल्थकेयर सेन्टर भवन निर्माण | ३२,७१,६०६।५६ | ९५,०००।०० | ३,०००।०० |
| २. | ०२/२०७६/०७७ | वडा नं. ६ हेल्थकेयर सेन्टर भवन निर्माण | ३२,४३,५२२।८७ | ९५,०००।०० | ३,०००।०० |
| ३. | ०३/२०७६/०७७ | वडा नं. ७ हेल्थकेयर सेन्टर भवन निर्माण | ३२,६८,१३८।४२ | ९५,०००।०० | ३,०००।०० |

**प्रमुख प्रशासकीय अधिकृत**